# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल

☎ ०२१-५३२०२२, ५३४८००
४४०१७३, ४४०१७४
फ्याक्स : ९७७-२१-५२८४९१
इमेल : puoemgt@wlink.com.np
वेवसाइट : www.puexam.edu.np


प.सं. : २६२/०६४/०६५
च.नं. :

मिति: २०७४।०६।२३ गते

श्री क्याम्पस प्रमुखज्यू,
एम.ए.एम.सी.जे. अध्यापन गराउने सम्पूर्ण कलेज/क्याम्पसहरु ।

**विषय: परीक्षा आवेदन फारम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा पूर्वाञ्चल विश्वविद्यालयद्धारा २०७४ सालमा सञ्चालन हुने कला संकाय अन्तर्गत एम.ए.एम.सी.जे. **दोस्रो सेमेष्टर (नियमित तथा आंशिक) तथा चौथो सेमेष्टर (नियमित तथा आंशिक)** मा त्यस क्याम्पस/कलेजमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई **परीक्षा आवेदन फारम भराई नियमानुसारको परीक्षा शुल्क यस कार्यालयको नविल बैंक लि.को CALL A/C 0706010310803 मा** मिति २०७४।०७।२३ गते (9th November 2017) भित्र जम्मा गरी सो को सक्कल भौचर र परीक्षा फारम एवं आन्तिरिक मूल्याङ्कनको प्राप्ताङ्क समेत यस कार्यालयमा क्याम्पस/कलेजका प्रतिनिधी मार्फत मिति २०७४।०७।२६ गते भित्र उपलब्ध गराई दिनुहुन जानकारी गराइएको छ । तोकिएको म्याद भित्र परीक्षा आवेदन फारम भर्न छुट भएमा २०७४।०७।३० गते (16th November 2017) भित्र विलम्ब शुल्क समेत बैंक जम्मा गरी क्याम्पस/कलेजको प्रतिनिधि मार्फत यस कार्यलयमा मिति २०७४।०८।०३ गते भित्र सक्कल भौचर र परीक्षा फारम बुझाउनु पर्ने छ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन फारम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फारम थान .......... यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । साथै तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालन गरि/गराई दिनुहुन समेत जानकारी गराईन्छ।

तपसिल

१. परीक्षार्थीहरुले परीक्षा आवेदन फारममा भरेको विवरण पूर्णरुपले रुजू गरी Batch छुट्टयायी परीक्षार्थीको नाम अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई प्रत्येक Batch को छुट्टाछुट्टै अभिलेख तयार गरी पठाउनु पर्ने छ।

**२. परीक्षा आवेदन फारममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ। कुनै विद्यार्थीको रजिष्ट्रेशन सम्बन्धि कागजातहरु नपुग भई रजिष्ट्रेशन हुन नसकेमा त्यस्ता विद्यार्थीहरुको फारम स्वीकृत हुने छैन।**

३. आंशिक परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले परीक्षा दिने विषयको नाम लेखी सोको पछाडी कोष्टमा प्रयोगात्मक वा लिखित कुन हो फारममा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ र मार्कसिटको प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

४. सम्बन्धित क्याम्पस/कलेजहरुले परीक्षा आवेदन फारम पठाउदा परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या (Subject-wise Data) खुलाई अनिवार्यरुपले Batch अनुसार संलग्न गरी पठाउनु पर्ने छ।

५. परीक्षा आवेदन फारममा रहेको तीन वटा फोटो सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले पहिलो फोटो र फारममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ।

६. परीक्षा आवेदन फारमको पछाडि रहेको सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ।

७. परीक्षा आवेदन फारममा लिखित तथा प्रयोगात्मक दुवै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरु समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ। कुनै परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन।

**८. परीक्षा शुल्क र सम्बन्धन शुल्क देहाय बमोजिम हुने छ-**

| विवरण | शुल्क |
|---|---|
| १. नियमित प्रति सेमेष्टर | रु. १,६००।- |
| २. आंशिक १ विषय | रु. ६००।०० |
| ३. आंशिक २ विषय | रु. १,१००।०० |
| ४. आंशिक २ भन्दा बढि विषय | रु १,६००।०० |

..................
परीक्षा नियन्त्रक